# जनमत पार्टी महाधिवेशन २०७७
# निर्देशिका

अपडेटेड़: २०७७ चैत्र १३ गते

२०७७ माघ १४-१५ गते तथा २०७७ चैत्र १२ गतेको केन्द्रिय समितिको निर्णय अनुसार २०७७ चैत्र २८-२९ गते हुने जनमत पार्टीको महाधिवेशनको प्रयोजनको लागि यो निर्देशिका जारी गरिएको छ।

## १. जनमत पार्टीको विधानमा रहेको महाधिवेशन सम्बन्धी व्यवस्थाहरू

परिच्छेद – ७
महाधिवेशन

धारा -१४ : महाधिवेशन

(क) महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना केन्द्रिय समिति द्वारा सामान्यत: ४ (चार) वर्षमा गरिनेछ। तर विशेष परिस्थितिमा बढीमा एक वर्ष सम्म पछि सार्न सकिनेछ।

(ख) महाधिवेशनको काम, कर्त्तव्य र अधिकार

१. केन्द्रिय अध्यक्ष निर्वाचित गर्ने,
२. सम्पूर्ण केन्द्रिय निकायहरु विघटन गर्ने,
३. पार्टी विधानमा आवश्यक संशोधन गर्ने, संशोधित विधान पारित गर्ने,
४. केन्द्रिय समितिको तर्फबाट प्रस्तुत राजनीतिक तथा आर्थिक प्रतिवेदन,केन्द्रिय अनुशासन समिति, केन्द्रिय लेखा परीक्षण समिति र केन्द्रिय निर्वाचन समितिका प्रतिवेदन तथा प्रस्तावहरू माथि छलफल गरी पारित गर्ने ।

(ख) महाधिवेशनमा पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठनहरु मध्येबाट अधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रक्रिया केन्द्रिय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## २. २०७७ माघ १४-१५ गतेको केन्द्रिय समिति बैठकबाट पारित महाधिवेशन सम्बन्धी निर्णयहरू

महाधिवेशन सम्बन्धी निर्णयहरू:-

(क)पार्टीको प्रथम महाधिवेशन २०७७ साल चैत्र २८ र २९ गते शनिबार र आइतबार धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकामा गर्ने निर्णय गरेको छ।

(ख) महाधिवेशन मूल समिति धनुषा जिल्ला इन्चार्ज तथा केन्द्रिय सदस्य श्रीमती अनिता साहको संयोजकत्वमा गठन गर्ने निर्णय गरेको छ। आवश्यकता अनुसार मूल समितिको मातहतमा रहने गरी महाधिवेशन प्रचार-प्रसार समिति, महाधिवेशन आर्थिक समिति, महाधिवेशन व्यवस्थापन समिति आदि गठन गर्न सकिनेछ।

(ग) महाधिवेशन प्रतिनिधिहरूको सवालमा महाधिवेशनमा तपसील बमोजिमका सदस्यहरू अधिवेशन प्रतिनिधि रहनेछन्:

(i) वडा समितिमा निर्वाचित अध्यक्ष, महिला उपाध्यक्ष र सचिव
(ii) स्थानीय तह(पालिका) र निर्वाचन क्षेत्रका निर्वाचित पदाधिकारीहरू (सदस्य बाहेक)
(iii) जिल्ला समन्वय समितिका सम्पूर्ण सदस्यहरू (नोट: हाल जिल्ला समन्यवय समिति आधिकारिक नरहेकाले जिल्लाबाट इन्चार्ज/सहइन्चार्ज मात्रै)
(iv) प्रदेश समन्वय समितिका सम्पूर्ण सदस्यहरू (नोट: प्रदेश समन्वय समितिका गठन हुन बाँकी नै छ)
(v) केन्द्रिय समितिका सम्पूर्ण सदस्यहरू तथा जिल्ला इन्चार्ज/सहइन्चार्ज
(vi) राष्ट्रिय परिषद्का सम्पूर्ण सदस्यहरू (नोट: राष्ट्रिय परिषद् गठन हुन बाँकी नै छ)
(vii) वरिष्ठ नेतृत्व मण्डल र मधेश नेतृत्व पूञ्जका सम्पूर्ण केन्द्रिय सदस्यहरू
(viii) विभाग र मोर्चाका सम्पूर्ण केन्द्रिय सदस्यहरू
(ix) जिल्ला इन्चार्जले जिल्लाबाट आउने कूल प्रतिनिधि संख्याको २०% नबढ्ने गरी अन्य सदस्यहरूको नाम महाधिवेशन प्रतिनिधिको रूपमा सिफारिश गर्न सक्नेछ। सो सूची स्थायी समितिबाट अनुमोदन हुनुपर्नेछ र सूची अनुचित लागेमा स्थायी समितिले त्यसमा आवश्यक फेरबदल गर्न निर्देश दिन सक्नेछ। त्यसका साथै स्थायी समितिले पनि कूल महाधिवेशन प्रतिनिधि संख्याको ५% नबढ्ने गरी महाधिवेशन प्रतिनिधिहरू तोक्न सक्नेछ। (स्थायी समितिको थप निर्देश: जिल्लामा विवाद हुने अवस्था देखिएमा जिल्लामा रहेका जिल्ला इन्चार्ज, सहइन्चार्ज र केन्द्रिय समिति सदस्यहरू सबैले समान संख्यामा नाम मनोनित गरी कूल मनोनित संख्या पुऱ्याउने)

(घ) महाधिवेशन सम्बन्धी अन्य व्यवस्थाहरू केन्द्रिय समितिले जारी गरेको महाधिवेशन निर्देशिका २०७७/२०७८ ले तोकेबमोजिम हुनेछ।

(ङ) महाधिवेशनका लागि वडा तथा पालिका अधिवेशनहरू २०७७ चैत्र १५ गतेभित्रमा नै सुसम्पन्न गरी सोको आधिकारिक माइन्यूट २०७७ चैत्र १५ गते भित्रमा नै केन्द्रिय सचिवालयलाई (janamatparty@gmail.com मा इमेल मार्फत्) बुझाउनु पर्नेछ। अधिवेशन प्रतिनिधिहरूको सूची पनि हरेक जिल्ला र स्थानीय स्तरबाट २०७७ चैत्र १५

गतेभित्रमा नै प्राप्त हुनुपर्नेछ। २०७७ चैत्र १५ गते पश्चात् प्राप्त भएका अधिवेशन प्रतिनिधिहरूको सूचीलाई महाधिवेशनमा समावेश गरिनेछैन।

## ३. २०७७ चैत्र १२ गतेको केन्द्रिय समितिबाट गरिएका थप निर्णयहरू

(क) महाधिवेशनबाटै केन्द्रिय समिति र केन्द्रिय कार्यकारिणी समिति निर्वाचित गर्ने निर्णय गरेको छ। त्यसको लागि आवश्यक विधान संशोधन गर्ने निर्णय गरेको छ।

(ख) केन्द्रिय निर्वाचन समितिको संयोजक श्री संजय सिंहलाई तोकिएको छ।

(ग) महाधिवेशनबाट हालको लागि ५१ सदस्ययीय केन्द्रिय समिति निर्वाचित गर्ने निर्णय गरेको छ। त्यसमध्ये स्थायी समिति सदस्य - ९ रहनेछ भने महिलाबाट १५ र गैरआवासीय मधेशी संघबाट ४, खुल्लाबाट २३ निर्वाचित हुनेछ।

(घ) केन्द्रिय कार्यकारिणी समितिमा अध्यक्ष-१, उपाध्यक्ष-बढीमा ७, महासचिव-१, उपमहासचिव-१ र सचिव बढीमा ७ गरी बढ़ीमा १७ पदाधिकारी रहनेछ। पदाधिकारीहरू महाधिवेशनबाट तोकेबमोजिम निर्वाचित हुनेछन्। रिक्त हुन आएका पदाधिकारीहरू स्थायी समितिले मनोनित गर्न सक्नेछन्। उम्मेदबारीको मापदण्ड मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन। कोषाध्यक्ष र प्रवक्ताको जिम्मेबारी निर्वाचित कार्यकारिणी समितिले तोक्नेछ।

(ङ) योग्य उम्मेदबारहरूले उम्मेदबारी मनोनयन शुल्क रू ५००० पार्टीको आधिकारिक खातामा जम्मा गरी सोको रसीद सहित उम्मेदबारी मनोनयन पत्र तोकिएको मितिमा दाखिला गराउनु पर्नेछ। मनोनयन पत्रको फारम अनुसूचीमा दिए बमोजिम हुनेछ र मनोनयन पत्र janamatparty@gmail.com मा पठाउनुपर्नेछ।

(च) कुनै पनि केन्द्रिय समिति सदस्य वा केन्द्रिय कार्यकारिणी सदस्य पदमा निर्वाचित हुन थ्रिसोल्ड मत संख्या १०० कटाएको हुनुपर्छ। साथै केन्द्रिय सदस्यमा खुल्ला तर्फ एउटा जिल्लामा बढीमा २ जना केन्द्रिय सदस्य मात्रै निर्वाचित हुन सक्नेछन्।

(छ) निर्वाचित हुन नसकेका केन्द्रिय सदस्य वा केन्द्रिय कार्यकारिणी पदाधिकारीहरूको हकमा क्षेत्रिय, लैंगिक र सामाजिक विविधता अनुसार सुनिश्चित् हुने गरी तथा महिलाको संख्या १/३ पुग्ने गरी सो पदहरूमा स्थायी समितिले सदस्य मनोनित गर्नेछ।

(ज) निर्वाचनमा महाधिवेशन प्रतिनिधिहरूले मतदान गर्नेछन्। मतदान गर्दा महिला उम्मेदबारहरू मध्ये कुनै १५, गैरआवासीय संघका उम्मेदबारहरू मध्ये कुनै ४ र खुल्लाबाट रहेका उम्मेदबारहरू मध्ये कुनै २३ जनालाई मत हाल्न सक्नेछन्। सो भन्दा बढी मत हालेमा माथिबाट आवश्यक उम्मेदबारमा परेको मत मात्रै राखी अन्य मतलाई अमान्य मानिनेछ। मतपत्रमा उम्मेदबारहरूको नाम उम्मेदबारी दिएको क्रम अनुसार राखिनेछ। (महाधिवेशन प्रतिनिधिहरूको शुरुमै परिचय पत्र जाँच गर्दा ब्याज र मतपत्र दिइनेछ। मत हाल्नका लागि आवश्यक ब्रिफिंग गर्दै मत हाल्न लगाई अन्त्यमा सबै मतपत्र संकलन गरिनेछ र परिणाम अर्को दिन घोषणा गरिनेछ।)

(झ) उम्मेदबारी दिने मापदण्ड:

A. केन्द्रिय समिति सदस्यमा उम्मेदबारी दिने मापदण्ड: केन्द्रिय समितिमा उम्मेदबारी दिन जिल्ला वा अन्य केन्द्रिय निकाय (विभाग, मोर्चा, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुंज)को कार्यकारिणी समितिको पदाधिकारी रहेको (सो नभएमा संयोजक/सहसंयोजक/इन्चार्ज/सहइन्चार्ज) वा केन्द्रिय समिति, विशेष समितिहरू, राष्ट्रिय परिषद् वा प्रदेश समितिको सदस्यको रूपमा एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ। सो कुरा मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन।

B. केन्द्रिय कार्यकारिणी समितिमा उम्मेदबारी दिने मापदण्ड: स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिमा एक कार्यकाल पूरा गरेको वा विशेष समितिको प्रमुखको रूपमा एक कार्यकाल पूरा गरेको वा केन्द्रिय समितिमा दुई कार्यकाल पूरा गरेको हुनुपर्नेछ।

C. अध्यक्षमा उम्मेदबारी दिने मापदण्ड: स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी वा विशेष समितिको प्रमुखको रूपमा एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ।

## ४. महाधिवेशन निर्वाचन कार्यतालिका

**२०७७ चैत्र १५ गतेसम्म**: सम्पूर्ण वडा/पालिका अधिवेशनहरूको विवरण आइपुग्नुपर्ने/ सम्पूर्ण केन्द्रिय निकाय, विभाग र मोर्चाको केन्द्रिय समितिको विवरण आइपुग्ने पर्ने (विवरण आएको/नआएको अद्यावधिक विवरण पार्टीको वेबसाइटमा चेक गर्न सकिन्छ)

**२०७७ चैत्र २० गतेसम्म**: जिल्लाबाट मनोनित गरिएका सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको विवरण आइपुग्नुपर्ने।

| | |
|---|---|
| २०७७ चैत्र १७ गते मंगलबार विहान १०:०० बजेदेखि १८ गते बुधबार सांझ ५:०० बजेसम्म | उम्मेदबार मनोनयन पत्र दर्ता |
| चैत्र १९ गते बिहीबार | उम्मेदबार नामावली प्रकाशन |
| चैत्र २० गते शुक्रबार | उम्मेदबार उपर दाबीविरोध<br>(विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| चैत्र २१ गते शनिबार | उम्मेदबारले नाम फिर्ता लिने<br>(विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| चैत्र २२ गते आइतबार | उम्मेदबारको अन्तिम नामावली प्रकाशन |
| | |
| चैत्र २३ गते सोमबार | मतदाता नामावली प्रकाशन |
| चैत्र २४ गते मंगलबार | मतदाता नामावली प्रति दावीविरोध<br>(विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| चैत्र २५ गते बुधबार | अन्तिम मतदाता नामावली प्रकाशन |
| | |
| चैत्र २८ गते शनिबार | मतदान |
| चैत्र २९ गते आइतबार | मतगणना |

उम्मेदबारी मनोनयनपत्र दर्ता, मनोनयन फिर्ता, दाबीविरोध वा अन्य सञ्चार janamatparty@gmail.com को ठेगानामा पठाएर गर्नुपर्नेछ।

## ५. महाधिवेशन कार्यक्रमको प्रारूप

2077 चैत्र २८ गते शनिबार:

विहान १०:०० बजे: महाधिवेशन कार्यक्रम शुरु/उद्घाटन सत्र

दिउँसो १२:०० बजे – २:०० बजे: प्रशिक्षण सत्र

दिउँसो  ३:०० बजे – ७:०० बजे: बन्द सत्र

- केन्द्रिय समिति/ अध्यक्ष सहित कार्यकारिणी निर्वाचन गर्ने
- घोषणापत्र, विधान संशोधन, प्रतिवेदन र प्रस्तावहरू पारित गर्ने

साँझ ७:०० बजे: महाधिवेशन कार्यक्रम समाप्ति तथा बिदाइ



## ६. विभिन्न सम्पर्क व्यक्तिहरू

(क)महाधिवेशन मूलसमिति संयोजक: श्रीमती अनिता साह 9817660366
(ख)प्रचार-प्रसार तथा संचार संयोजक: ई. इन्द्रजीत यादव 9818351461
(ग) स्वयंसेवक संयोजक: श्री संजय यादव 9807775377
(घ) सहभागी संयोजक (प्रतिनिधि तथा स्वयंसेवक नामावली, दाबीविरोध): श्री बलराम सेवक 9804793880 (औपचारिक मनोनयन दर्ता, मनोनयन फिर्ता, दाबीविरोध आदि janamatparty@gmail.com इमेल मार्फत् मात्रै गर्ने)
(ङ)खानपान तथा यातायात व्यवस्थापन: ईन्द्रजीत यादव 9804818957, ओम विक्रम कुशवाहा (पश्चिमबाट आउनेको लागि) 9865273031, 9808998552, हरि पासवान (पूर्वबाट आउनेको लागि) 9804747999
(च) केन्द्रिय निर्वाचन समिति संयोजक: श्री सञ्जय सिंह 9841320203

## ७. जिल्ला तथा अन्य केन्द्रिय निकायहरूलाई निर्देश:

(क)सम्पन्न भएका वडा/पालिका अधिवेशनहरूको माइन्यूट २०७७ चैत्र १५ गते भित्र janamatparty@gmail.com मा पठाउनुहोला। (मनोनित भए बाहेकको अवस्थामा तदर्थ समितिका पदाधिकारीहरू महाधिवेशन प्रतिनिधि बन्न पाउने छैनन्)। केन्द्रिय समितिको निर्वाचनको लागि यी विवरणहरू महत्त्वपूर्ण छन्, तपाईंले बनाएको समितिको विवरण प्राप्त नभएमा तपाईंलाई नै मत प्राप्त नहुन सक्छ।

हाल सम्म प्राप्त वडा अधिवेशनहरूको रिपोर्ट वेबसाइटको फ्रन्टपेजमै छ: http://janamatparty.org/2021/03/localconventionresults/
तपाईंको वडा/पालिका छुट्यो कि? कृपया चेक गर्नुहोस् र पठाउन लगाउनुहोस्।

(ख)गाउँपालिका/नगरपालिका अधिवेशन तत्कालै हतारमा गराइराख्नु पर्दैन। साथै कुनै ठाउँमा हालमा विवाद हुने स्थिति छ भने महाधिवेशन पछि मात्रै पालिकाको अधिवेशन संचालन गर्दा हुन्छ। वडा समिति प्रमुख इकाइ समिति भएको हुनाले सकेसम्म सबै वडा अधिवेशनहरू पहिला पूरा गर्नु पर्दछ।

(ग) पूर्ण जिल्ला समन्वय समितिको गठन महाधिवेशन पछि मात्रै केन्द्रबाट पठाएको प्रतिनिधिको उपस्थितिमा गठन गर्न हुन अनुरोध छ।

(घ) महाधिवेशन प्रतिनिधि बन्नबाट बञ्चित हुन सक्ने योग्य सदस्यहरूको लागि प्रावधान: हालका लागि महाधिवेशन प्रतिनिधिको रूपमा भाग लिनका लागि जिल्ला इन्चार्जले जिल्लाबाट आउने कूल प्रतिनिधि संख्याको २०% नबढ़ने गरी अन्य सदस्यहरूको नाम महाधिवेशन प्रतिनिधिको रूपमा सिफारिश गर्न सक्नेछ। सो सूची स्थायी समितिबाट अनुमोदन हुनुपर्नेछ र सूची अनुचित लागेमा स्थायी समितिले त्यसमा आवश्यक फेरबदल गर्न निर्देश दिन सक्नेछ। त्यसका साथै स्थायी समितिले पनि कूल महाधिवेशन प्रतिनिधि संख्याको ५% नबढ़ने गरी महाधिवेशन प्रतिनिधिहरू तोक्न सक्नेछ।

(ङ) जनमत पार्टीका वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्त्व पुञ्ज सहितका केन्द्रिय संरचनाहरू, विभिन्न विभाग तथा मोर्चाका केन्द्रिय समितिको सूची पनि २०७७ चैत्र १५ गते भित्र janamatparty@gmail.com मा पठाउनुहोला। विभाग र मोर्चाका सम्पूर्ण केन्द्रिय सदस्यहरू महाधिवेशन प्रतिनिधिको रूपमा भाग लिन पाउने व्यवस्था रहेको छ।

(च) हरेक वडाबाट कम्तीमा ३० जना स्वयंसेवकको नाम र मोबाइल नम्बर सहितको विवरण सचिवालयको मोबाइल नम्बर 9804793880 मा WhatsApp गरी वा janamatparty@gmail.com मा इमेल गरी वडा समितिले पठाउनुहोला। सो भन्दा बढी संख्यामा पनि स्वयंसेवकहरू सहभागी हुन सक्नेछन्।
(नोट: सकेसम्म स्वयंसेवकहरूको सूचीमा कम्तीमा १५ वटा मोटरसाइकल भएको सदस्य हुनुपर्नेछ र खबर गरेको ३० मिनेट भित्र आफ्नो वडाको कुनै ठाउँमा जम्मा हुन सक्ने खालको सक्रिय स्वयंसेवक हुनुपर्नेछ। सो स्वयंसेवक दस्ता महाधिवेशनमा मात्रै नभई निर्वाचन, प्रचार-प्रसार, राहत तथा उद्धारको क्रममा पनि परिचालित गरिनेछ र दीर्घकालीन् प्रकृतिको हुनेछ।)

## ८. प्रतिनिधि तथा स्वयंसेवकहरूलाई मार्गनिर्देश:

(क) महाधिवेशन स्थल जनकपुरधामबाट नजिक रहेका जिल्लाहरू (सप्तरीदेखि पर्सासम्मका) स्वयंसेवकहरू सकेसम्म मोटरसाइकलबाट सुरक्षित तरीकाले आफ्नो वडामा मात्र बाइक रैली निकाल्दै आउनु पर्नेछ (जिल्ला सदरमुकाम वा बाटोमा बाइक रैली गर्नु पर्दैन)। बाइकमा लाउडस्पीकर चिन्ह भएको झंडा राख्न सकिन्छ। जुन बाटोबाट आउन सहज र सुरक्षित हुन्छ, दुर्घटना हुँदैन, सोही बाटोबाट आउन हुन आग्रह छ। असुरक्षित लागेमा,

टाढा भएमा वा अन्य समस्या देखिएमा अन्य यातायातको साधन (सार्वजनिक बस, माइक्रो वा भाडाको बस आदि) प्रयोग गरेर पनि स्वयंसेवकहरू आउन सक्छन्। बाइकमा आउने स्वयंसेवकहरूले आफू उभेकै ठाउँमै बाइक राख्नु पर्नेछ।

(ख) प्रतिनिधि तथा स्वयंसेवकहरू २०७७ चैत्र २८ गते शनिबार विहान १०:०० बजे सम्ममा आइपुग्नु पर्नेछ। प्रतिनिधि तथा स्वयंसेवकहरू विहान आइपुग्ने र साँझ ७:०० बजेतिर फर्किने गरी आफ्नो कार्यक्रम बनाउनु पर्दछ।

(ग) महाधिवेशन प्रतिनिधिहरूले आफ्नो परिचयपत्रको रूपमा निर्वाचित भएको प्रमाणपत्र वा सोको प्रतिलिपीका साथै नागरिकता/मतदाता परिचयपत्र/चालक अनुमति पत्र वा पहिचान खुल्ने कुनै एउटा आधिकारिक परिचय पत्र पनि लिएर आउनुपर्नेछ। महाधिवेशन प्रतिनिधिहरूको नाम मतदाता सूचीमा भए-नभएको जाँच गरी महाधिवेशन प्रतिनिधि ब्याज दिइनेछ।

(घ) महाधिवेशन प्रतिनिधि तथा स्वयंसेवकहरूले पार्टीको सदस्यता पत्र अनिवार्य लिएर आउनुपर्नेछ। सो सदस्यता पत्र सकेसम्म प्लास्टिकको खोलभित्र राखी छातीमाथि कपडासँगै पिन लगाएको वा घाँटीमा झुन्ड्याएको हुनुपर्नेछ। सोको व्यवस्था वडासमितिहरूले आफैं गर्नुपर्नेछ।

(ङ) प्रतिनिधि तथा स्वयंसेवकहरूले आउने जाने तथा खानाको व्यवस्था आफैंले गर्नुपर्नेछ। जनकपुरधामका होटलहरूमा सो दिन निक्कै नै भीड़ हुन सक्ने भएकाले खाना न पाउन सक्छ। यसर्थ जनकपुरधाम छिर्नु अगावै सकेसम्म खाना खाइसक्दा उपयुक्त हुनेछ। धनुषाबाट टाढा रहेका जिल्लाबाट आउने सहभागीहरूले जनकपुर बाहिर हाइवे साइडमै कुनै होटलमा खाना खाने व्यवस्था गर्न आवश्यक समन्वय गर्न सक्नेछन्।

(च) स्वयंसेवकहरू महाधिवेशनमा केवल सहभागी हुन मात्रै आएका होइनन्। स्वयंसेवकहरू फिल्डमा वा आपत्कालीन् स्थितिमा खट्दा खेरि हुनुपर्ने तैयारी गरेर आउनुपर्नेछ। स्वयंसेवकहरूले आफूसँग निम्न कुराहरू राख्नुपर्नेछ:-

i. पिठ्युमा बोक्ने एउटा झोला
ii. पानीको बोतल - 2
iii. छाता
iv. चिउरा/चाउचाउ/बिस्कुट वा सुख्खा खाजा
v. टर्चलाइट
vi. रूमाल/गमछा
vii. [आफू सुत्न सक्ने व्यवस्था (स्लिपिङ्ग ब्याग वा ओढ़ने-ओछ्याउने कुरा) - अहिले अनिवार्य छैन]

(छ) स्वयंसेवकहरू आएपछि ‘स्वयंसेवक एरिया’ मा एउटा वडाको स्वयंसेवकको एउटा लाइन बनाएर उभिनुपर्नेछ। उभिँदा एक आपसमा करीब १ मीटरको भौतिक दूरी राख्नुपर्नेछ। मोटरसाइकलमा आएका स्वयंसेवकहरूले आफ्नो मोटरसाइकल आफू उभिएकै ठाउँमा स्ट्यान्ड लगाएर नलड्ने गरी सुरक्षित तरीकाले राख्नुपर्नेछ। हरेक लाइनको अगाडिमा एक जना ‘परिचालक’ रहनेछ। परिचालकले हरेक स्वयंसेवकको परिचय पत्र/सदस्यता पत्र जाँच गरेर आवश्यक सामग्री प्याकेज प्रदान गर्नेछ र आवश्यक निर्देश समेत दिनेछ।

(ज) हरेक स्वयंसेवकले एउटा प्याकेज प्राप्त गर्नेछ। प्याकेज भित्र पार्टीको टी-शर्ट, टोपी, स्टीकर, पर्चा, नमूना मतपत्र र झण्डा सहितका प्रचारप्रसार सामग्रीहरू रहनेछन्। सो वापत् हरेक स्वयंसेवकले अनिवार्य रूपमा रू १०० सहयोग राशी बुझाउनु पर्नेछ। सो रकम तैयारी अवस्थामा राख्न सम्पूर्ण स्वयंसेवकहरूलाई आग्रह गरिन्छ।

(झ) उद्‌घाटन र प्रशिक्षण सत्र दिउँसो करीब २:०० बजे समाप्त भए पछि विभिन्न जिल्लाबाट आएका स्वयंसेवकहरू फर्किन सक्नेछन्। दिउँसो ३:०० बजे बन्द सत्र शुरु हुने हुँदा मैदानमै बसेका स्वयंसेवकहरूले बन्द सत्रमा बाधा नपुग्ने गरी शान्तिपूर्वक बस्न सक्नेछन्। (बन्द सत्र टेन्टको बन्द घेराभित्र हुनेछ र  भित्र स्वयंसेवक दस्ताको उपस्थिति रहने छैन। केवल सुरक्षा दस्ताको उपस्थिति रहनेछ।)

(ञ) साँझ करीब ७:०० बजे कार्यक्रम समाप्तिपछि विभिन्न जिल्लाबाट आएका सम्पूर्ण सहभागीहरू सोही दिन फर्किनेछन्। महाधिवेशन अवधिभरि सहभागीहरूले अनुशासित भएर बस्नुपर्नेछ। महाधिवेशन स्थलमा कुनै किसिमको धुम्रपान गर्नु गराउनु हुँदैन।

# अनुसूची

उम्मेदबारको फोटो
टाँस्नुहोला

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: मनोनयन पत्र

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०७७ मा म निम्न पदको लागि योग्य भएकोले आफ्नो उम्मेदबारी दिएको छु। उम्मेदबारी मनोनयन शुल्क रू ५००० (फिर्ता नहुने) जनमत पार्टीको खातामा **मेरो नामबाट** जम्मा गरेको रसीद यसैसाथ संलग्न छ।

**उम्मेदबारी दिएको पदः** ...................................................
**समूहः** (क) खुल्ला (ख) महिला (ग) गैरआवासीय मधेशी संघ (घ) अन्य..........................

उम्मेदबारको नामः........................................................................ मोबाइल नं.......................................
जनमत पार्टी सदस्यता नं...............................................................सदस्यता लिएको मितिः.............................
प्रदेश.........................................................................................जिल्ला...........................................
गाउँपालिका/नगरपालिकाः...............................................................वडा नं........................................................
लिङ्गः.......................उमेर...........................शिक्षा..........................पेशा.......................................................
संक्षिप्त राजनैतिक परिचय तथा योगदान
.................................................................................................................................................
.................................................................................................................................................
.................................................................................................................................................
.................................................................................................................................................
.................................................................................................................................................

.............................
मितिः............................................ हस्ताक्षर

कृपया निम्न कागजातहरू संलग्न गरेर मनोनयन पत्र janamatparty@gmail.com मा इमेल गर्नुहोला। १. बैंकको भौचरको प्रतिलिपी २. सदस्यता पत्रको प्रतिलिपी ३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

जनमत पार्टीको बैंक खाता:- नाम: JANAMAT PARTY, A/C No: 142010 000505 5001 CURRENT ACCOUNT NPR, राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर, काठमाडौं, SWIFT Code: RBBANPKA

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: मनोनयन फिर्ता

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०७७ मा म निम्न पदको उम्मेदबारी दिएकोमा सो उम्मेदबारी फिर्ता लिन चाहेकोले राजीखुशी सहीछाप गर्दछु।

**उम्मेदबारी दिएको पद:** .......................................................
**समूह:** (क) खुल्ला (ख) महिला (ग) गैरआवासीय मधेशी संघ (घ) अन्य............................

उम्मेदबारको नाम:............................................................................ मोबाइल नं......................................................
जनमत पार्टी सदस्यता नं...................................................................सदस्यता लिएको मिति:..............................
प्रदेश...........................................................................................जिल्ला.............................................................
गाउँपालिका/नगरपालिका:.......................................................................वडा नं......................................................
लिङ्ग........................उमेर............................शिक्षा............................पेशा..............................................................

.............................
मिति:............................................. हस्ताक्षर

नोट: कृपया मनोनयन फिर्ताको निवेदन janamatparty@gmail.com मा इमेल गर्नुहोला।

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: दाबीविरोध सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०७७ को विषयमा महाधिवेशन प्रतिनिधि/मतदाता सूची/उम्मेदबारी सम्बन्धी मेरो निम्नअनुसारको दाबी विरोध रहेको छ।

दाबीविरोध (प्रमाण सहित)

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

भवदीय

.............................

मिति:.............................................

हस्ताक्षर

दाबी गर्नेको नाम:.......................................................................... मोबाइल नं..................................................
जनमत पार्टी सदस्यता नं...............................................................सदस्यता लिएको मिति:.............................
प्रदेश.........................................................................................जिल्ला.....................................................
गाउँपालिका/नगरपालिका:...................................................वडा नं...........................................................

नोट: कृपया आधिकारिक प्रमाण सहित दाबीविरोध janamatparty@gmail.com मा इमेल गर्नुहोला।